# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको प्राथमिक शेयर निष्काशनको सम्झौता गरिएको सम्बन्धमा

२०७४ वैशाख २१ गते बिहिबार यस, मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड र ग्लोबल आइएमई क्यापीटल लिमिटेड लगायत प्रभु क्यापिटल लि., सिभिल क्यापिटल मार्केट लि., एस क्यापिटल लि., सि.बि.आई.एल क्यापिटल लि., सानिमा क्यापिटल लि. तथा लक्ष्मी क्यापिटल मार्केट लि. ले संयुक्त रुपमा निष्काशन तथा बिक्री प्रबन्धकको कार्य गर्ने गरी यस कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेखित शेयर संरचना अन्तर्गतको संस्थापक शेयरधनीले लिएको बाहेकका अन्य समुहलाई छुट्टाइएको ४९% को हिसाबले हुन आउने रु. २,९४,००,००,०००।- (रु. दुई अर्ब चौरानब्बे करोड) रकम बराबरको रु. १००।- का दरले हुने २,९४,००,००० (दुई करोड चौरानब्बे लाख) कित्ता साधाराण शेयरमध्ये **प्रथम चरण**मा कर्मचारी संचय कोषका संचयकर्ताहरुका लागि कुल जारी पूँजीको १९.५ प्रतिशतले हुन आउने रु. १,१७,००,००,०००।- (रु. एक अर्व सत्र करोड) रकम बराबरको १,१७,००,००० (एक करोड सत्र लाख) कित्ता शेयर, संस्थापक शेयरधनी संस्थाका कर्मचारीका लागि कुल जारी पूँजीको ३ दशमलव ५ प्रतिशतले हुन आउने रु. २१,००,००,०००।- (रु. एक्काईस करोड) रकम बराबरको २१,००,००० (एककाईस लाख) कित्ता शेयर र ऋणदाता संस्थाका कर्मचारीका लागि कुल जारी पूँजीको १ प्रतिशतले हुन आउने रु. ६,००,००,०००।- (रु. छ करोड) रकम बराबरको ६,००,००० (छ लाख) कित्ता शेयर तथा **दोस्रो चरणमा** आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानिय बासिन्दाका लागि कुल जारी पूँजीको १० प्रतिशतले हुन आउने रु. ६०,००,००,०००।- (रु. साठ्ठी करोड) रकम बराबरको ६०,००,००० (साठ्ठी लाख) कित्ता शेयर तथा **तेस्रो चरणमा** सर्वसाधारण तथा कम्पनीका कर्मचारीहरूका लागि कूल जारी पूँजीको १५ प्रतिशतले हुन आउने रु. ९०,००,००,०००।- (रु. नव्बे करोड) रकम बराबरको ९०,००,००० (नव्बे लाख) कित्ता शेयरहरु निष्काशन तथा बिक्री प्रबन्ध गर्नको लागि सम्झौता भएको व्यहोरा जानकारी गराउदछौं ।

श्रीराम राज पाण्डे
प्रमुख कार्यकारी अधिकृत
मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.

मिति:२०७४/०१/२१